## कृष्णसार संरक्षणका चुनौतिहरु

मासु र सिङ्का लागी गरीने अवैध सिकार, बासस्थान साँगुरीदै जानु, वर्षा याममा बाढी आउनु, बासस्थानमा मिचाहा बोट बिरुवा फैलिदै जानु , मानिस तथा घरपालुवा चौपायाले कृष्णसारको चरिचरण क्षेत्र अतिक्रमित हुनु साथै बासस्थान वरपरका सडकमा तिब्र गतीमा चलाइने सवारिका कारण हुने दुर्घटना र ध्वनी प्रदुषणले कृष्णसारलाई अति-संकटापन्न अवस्थामा पुर्याएको छ। कृष्णसार संरक्षण सम्बन्धि जनचेतनाको कमि र पर्याप्त अध्ययन अनुसंधानको कमीले पनि यसको संरक्षणमा थप चुनौति श्रृजना गरेको छ।



## दुर्लभ कृष्णसार र यसको बासस्थान संरक्षणमा हातेमालो गरौ

रोचक तथ्य गरुण पुराण अनुसार कृष्णसारको बासस्थान रहेको ठाउँ सम्पन्नताको प्रतिक मानिन्छ।

## कृष्णसार संरक्षणको लागी के गर्न सकिन्छ ?

१) कृष्णसारको बासस्थान रहेको क्षेत्रमा अत्याधिक चरिचरण नियन्त्रण गर्ने।

२) कृष्णसारको बासस्थानमा हुने आगजनी रोकन सावधानी अपनाउने।

३) कृष्णसारको चोरी सिकारी नगर्ने ,कसैले गरेको थाहापाएमा नजिकै रहेको संरक्षण क्षेत्रको कार्यालय, प्रहरी चौकी , वनकार्यालय वा पायक पर्ने स्थानको सुरक्षानिकायमा जानकारी गराउने। याद राख्नुहोस् तपाईंको नाम र तपाईंले दिएको जानकारी गोप्य रहने छन्।

४) कृष्णसारको बासस्थान क्षेत्रमासिमितगति र होशियारी पुर्वक सवारी साधनचलाउने।

५) सामुदायीक वनहरुले आफ्नो कार्य योजनामा कृष्णसार लगायत अन्य वन्यजन्तु र वातावरण संरक्षण गर्ने कार्ययोजना समावेश गर्ने ।

६) विद्यालयका अतिरिक्त कियाकलाप र पाठ्यक्रममा कृष्णसार लगायत अन्य वन्यजन्तु र वातावरण संरक्षण सम्बन्धि विषयहरु समावेश गर्ने ।

तपाई हाम्रो सानो सहयोगले कृष्णसार लगायत अन्य वन्यजन्तु र वातावरण संरक्षणमा ठूलो भूमिका खेल्दछ। त्यसैले संरक्षण क्षेत्र, संरक्षणकर्मी, समुदाय, गैह्रसरकारी संस्था र अनुसन्धानकर्ता बित समन्वयगरि कृष्णसार र समग्र जैविक विविधता संरक्षमा हातेमालो गरौं।

## थप जानकारीको लागि


**साना स्तनधारी प्राणी संरक्षण तथा अनुसन्धान फाउण्डेशन**

पोष्ट बक्स नं. १०९२, काठमाण्डौं , नेपाल

फोन नं. ९८४७०२८२६३ ( अमर कुवँर )

ईमेल. amar.kwr@gmail.com

वेब. www.smcrf.org

तथा

**कृष्णसार संरक्षण क्षेत्र, बर्दिया**

अवधारणा तथा फोटो: अमर कुवँर


# नेपालमा अति संकटापन्न अवस्थामारहेका दुर्लभ कृष्णसार र यसको बासस्थान संरक्षणमा हातेमालो गरौ




Rufford  कृष्णसार संरक्षण क्षेत्र, बर्दिया  SMCRF

## परिचय

कृष्णसार मध्यम आकारको सुन्दर स्तनधारी जनावर हो। द्वापरयुगमा मुरली बजाउँदै भगवान श्री कृष्णले गाईसँगै कृष्णसारको पनि संरक्षण गरेकाले "कृष्ण स्याहार" भन्दै जांदा अपभ्रंश भई यसको नामाकरण कृष्णसार भएको भन्ने कथन छ। यसको औसत तौल ३७ देखि ४० के.जि. सम्म हुन्छ। यसको सरदर आयु १५ बर्ष हुन्छ। भाले र पोथीको शरीरको रंग भिन्न हुन्छ। भालेको जीउको दुबैतिर ढाडदेखि पेटसम्म कालो र पेट सेतो रंगको हुन्छ भने पोथीको जीउको दुबैतिर खैरो र पेटतिर सेतो हुन्छ। भाले कृष्णसारमा दुइवटा घुमेको सिङ (लम्बाई २१ ईन्चसम्म) हुन्छन्। कृष्णसार सिरुको होचो घाँसे मैदान र नदि तटिय क्षेत्रले तयार पारेको खल्ला, घाँसे मैदानमा बस्न मन पराउँदछ।






## प्राकृतिक वितरण र बासस्थान

कृष्णसार भारतीय उपमहाद्वीपको रैथाने प्रजातिहो। यो एक समयमा उत्तर-पूर्वी भारत बाहेक भारतको ठूलो भूभागमा विचरण गर्थ्यो। हाल भारतको महाराष्ट्र, उडिसा, पंजाब, राजस्थान, हरियाणा, गुजरात, आन्ध्र प्रदेश, तमिलनाडु र कर्नाटका राज्यमा पाईन्छ। यो नेपालमा औंलो उन्मुख हुनु भन्दा अघि अर्थात १९६० को दशक अघि तराईको धेरै भागमा पाइन्थ्यो। कृष्णसारको मुख्य बासस्थान बाँके जिल्लाको खजुरा एवं राप्तीनदीको किनार भोज भगवानपुर र बर्दिया जिल्लाको मैनापोखर एवं खैरी पण्डितपुर थियो। अहिले नेपालमा प्राकृतिक बासस्थानमा कृष्णसार बर्दिया जिल्लाको खैरापुर क्षेत्रमा मात्र पाईन्छ।



## बानी व्यहोरा आहारा

सामान्यतया एउटा भाले कृष्णसारको अगुवाईमा २०-२५ बटा संख्याको समूहमा समथर भूभागमा बसोबास गर्छ। प्रजनन्काल सुरु हुँदा भालेहरु आपसमा लड्छन् र जित्ने भालेले ४०-५० बटा पोथीलाई एक्लैले आफ्नै नियन्त्रणमा राख्ने गर्दछ। पोथीले एक पटकमा एउटा मात्र बच्चा पाउछ। भर्खरै जन्मिएको बच्चाले माउको दूध खाएपछि हिड्न शुरु गर्दछ। एक दिनमा बच्चाले सरदर ६ पटकसम्म दूध खान्छ। दूध खाएपछि करीव १ महीना सम्म अग्लो घाँसमा लुकेर बस्छ। रातको समयमा पनि माउ बच्चा अलगै बस्छ। एक महीना पछि बच्चाले घाँसको मूना खान शुरु गर्दछ। यो अति डराउने र आत्तिने भएकोले सानो दुर्घटनाबाट पनि मर्ने गर्दछ। यसको आवाज सानो भएकोले एकपटक समूहबाट छुट्टिसकेपछि फर्किन गाह्रो पर्छ कृष्णसार चरुवा वन्यजन्तु हो। यसलाई दुबो, काँस, बन्सो, कुरो र अन्य कलिलो घाँस बढी मन पर्छ। यसलाई उम्रिदै गरेको घाँस र आगलागि भई सकेपछि आएका नयाँ कलिला मूनाहरु मन पर्छ। कृष्णसारले उभिएको बेला घाँसहरु चपाउने (उग्राउने) गर्दछ। उग्राउदा प्रत्येक २ सेकेन्डमा ३ पटक चपाउँछ। कहिले काँहि नूनको लागि माटो चाट्ने र खाने गर्दछ। कृष्णसारलाई खानेपानी थोरै मात्रा भएपनि पुग्छ।




Sticker with slogan distributed to vehicles

# नेपालमा अति संकटापन्न अवस्थामा रहेका दुर्लभ कृष्णसार र यसको बासस्थान संरक्षणमा हातेमालो गरौं ।



**कृष्णसार संरक्षण हामी सबैको साझा दायित्व ।**

The Rufford Foundation

कृष्णसार संरक्षण क्षेत्र, बर्दिया

SMCRF